फोन. 081-520151,520338,525323
टोलफ्री नं. 1660 81 52052
फ्याक्स नं. 081-525109
इमेल : nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०७९/०८०
च.नं. : 8363

मिति २०८०।०१।०६

श्री सम्बन्धीत सबै
नेपालगञ्ज उप-महानगरपालिका,बाँके

विषय : व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धमा ।

प्रस्तुत विषयमा बैदेशिक रोजगार ऐन २०६४ तथा बैदेशिक रोजगार नियमावली २०६४मा भएको व्यवस्था अनुसार बैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ । बैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित,मर्यादित,र भरपर्दो तथा सहज बनाउन मिति २०८० साल बैशाख १ गते देखि बैदेशिक रोजागरीमा जानेहरुका लागि व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको लागि अनलाइन आवेदन गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्रबाट हुने भनी मिति २०७९।१२।१६ गते नेपाल सरकार(सम्माननीय प्रधानमन्त्री तथा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णयानुसार यस उप-महानगरपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत आवदेन दिन सकिने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

शिव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

<u>व्यक्तिगत श्रम स्वीकृति आवेदनका लागि आवश्यक पर्ने कागजातहरु</u>

१. नेपाली नागरिकता प्रमाणपत्र
२. राहदानी(पासपोर्ट)
३. पासपोर्ट साइजको फोटो १ प्रति
४. बैक खाता चेकको फोटो(आफ्नो वा परिवारको)
५. आफु जान लागेको कम्पनीको विवरण
६. भिसाको फोटोकपी
७. रोजगार दाता सँग भएको करार सम्झौता
८ स्वघोषणा फारम
९ दुतावासले लेखेको चिठ्ठी
१० आफु जानलागेको देश अनुसारको २ दिनको तालिम /अभिमुखीकरण लिएको हुनुपर्ने
११ स्वास्थ्य परिक्षण ( निरोगीताको प्रमाण पत्र)
१२ कल्याणकारी कोषमा रकम जम्मा गरेको हुनुपर्ने
१३ बिमा रकम जम्मा गरेको हुनुपर्ने
१४ इमेल ठेगाना
१५ सम्पर्क नं
१६ परिवारको सम्पर्क नं

बोधार्थः श्री सबै वडा कार्यालय, नेपालगञ्ज उप-महानगरपालिका,बाँके(आवश्यक जानकारीको लागि वडा स्तरमा सुचना प्रकाशन गर्नु हुन समेत जानकारी गराइन्छ।)

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## (वैदेशिक रोजगार व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ

च.नं.:- वै.रो.७९/८०- १४४

मितिः२०७९/१२/१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

विषयः आवश्यक सहजीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य रुपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगार विभागको Foreign Employment Information Management System (FEIMS) मा अनलाइन आवेदन गरी श्रमिकले श्रम स्वीकृति प्राप्त गर्न सक्ने व्यवस्था भएपनि अधिकांश नेपाली श्रमिकले अनलाइन आवेदन अन्य अनधिकृत व्यक्ति वा सेवाप्रदायक संस्था मार्फत गर्दा श्रमिकको सम्पुर्ण विवरण प्रविष्ट नहुने, सोवापत धेरै रकम तिर्न बाध्य हुनुपर्ने र विभिन्न बाहाना बनाइ श्रमिकलाई दुःख हैरानी दिने कार्य हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाई स्थानीय तहसम्म पहुँच अभिबृद्धि गर्न वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन कार्य एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्यमा ७५३ स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई जिम्मेवारी तोकी बैशाख ०१, २०८० देखि कार्यान्वयन गर्न तहाँ मन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहमा परिपत्र हुन मिति २०७९/१२/१६ (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरीय) को निर्णयानुसार अनुरोध छ।

२०७९।१२।१६

(प्रेम प्रसाद पोखरेल)
शाखा अधिकृत

बोधार्थः-

श्री प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाण्डौः- आवश्यक समन्वय तथा सहकार्यको व्यवस्था मिलाउनु हुन।